**शिवालय गाउँपालिका अध्यक्ष श्री शेर बहादुर शाहीज्यूबाट प्रस्तुत आ.व. २०८०।८१ को लागि प्रस्तावित नीति तथा कार्यक्रम**

**प्रमुख अतिथिज्यू**
**विशेष अतिथिज्यू**
**सभाका उपाध्यक्षज्यू**
**तथा सभा सदस्यज्यूहरु**

सर्व प्रथम मैले दोस्रो पटक यस शिवालय गाउँपालिकाको सम्मानित बाह्रौं गाउँ सभा बैठकमा आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्न पाउँदा आफुलाई गौरवान्तित महशुस गरेको छु । यस सन्दर्भमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक जनआन्दोलन र संघर्ष सम्झन चाहन्छु । ऐतिहासिक जनआन्दोलन र पटक पटकका संघर्षमा आफ्नो ज्यानको बलिदानी गर्ने ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यसै क्रममा शहीद परिवार,घाइते, अपाङ्ग र बेपत्ता पारिएका व्यक्तिहरुलाई उच्च सम्मान प्रकट गर्न चाहन्छु । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको मर्म तथा निर्देशक सिद्धान्त, दिगो विकासका लक्ष्यहरु, संघ र प्रदेशबाट जारी भएका मार्ग दर्शन एवं योजना तर्जुमा आधारहरुको साथै विज्ञ व्यक्तित्वहरुको सुझावहरुलाई लिएको छु ।

शिवालयबासी नागरिकहरुको स्वाभिमान र हित प्रवर्द्धन गर्ने, प्रशासनलाई विकास मैत्री बनाउने, अनावश्यक खर्च कटौती गर्ने तथा मितव्ययिता कायम गर्ने, स्थानीय आर्थिक विकास क्षेत्रमा लगानी गरी आर्थिक समृद्धि ल्याउने उद्देश्य राखी आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम तयार गरिएको छ । यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा विश्वस्तरमा चुनौतिको रुपमा रहेको गरिबी निवारण, सामाजिक आर्थिक सशक्तिकरण, बढ्दो बेरोजगारी र जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न केन्द्रित गरिएको छ ।

**प्रमुख अतिथिज्यू**
**विशेष अतिथिज्यू**
**सभाका उपाध्यक्षज्यू**
**तथा सभा सदस्यज्यूहरु**

**अब म यस शिवालय गाउँपालिकाको आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्दछुः-**

१. नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु
२. नेपाल सरकारको चालु आवधिक योजनाका लक्ष्य उद्देश्य नीति र प्राथमिकताहरु र संघीय सरकारले अवलम्वन गरेका आर्थिक नीति तथा वित्तीय नीतिहरु
३. दिगो विकास लक्ष्य
४. कर्णाली प्रदेशको चालु आवधिक योजनाका लक्ष्य उद्देश्य नीति र प्राथमिकताहरु तथा आर्थिक नीति र वित्तीय नीतिहरु
५. शिवालय गाउँपालिकाले तर्जुमा गरेका आवधिक एवं क्षेत्रगत योजनाहरु
६. शिवालय गाउँपालिकाका वार्षिक समीक्षा प्रतिवेदनहरु
७. नेपाल सरकार पक्ष राष्ट्र भै विभिन्न समयमा जनाएका प्रतिवद्धताहरु

**प्रमुख अतिथिज्यू**

**विशेष अतिथिज्यू**

**सभाका उपाध्यक्षज्यू**

**तथा सभा सदस्यज्यूहरु**

**आगामी आ.व. २०८०।८१ लागि कार्यान्वयन गरिने क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।**

**(क) आर्थिक विकास क्षेत्र**

**(१) कृषि, पशुपालन, सहकारी, उद्योग, पर्यटन र भुमि व्यवस्थापन**

१. कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण, विविधिकरण, आधुनिकीकरण, यान्त्रिकरण गरी तुलनात्मक रुपमा लाभका बाली उत्पादन र पशुपंछी पालनमा आत्मनिर्भर हुने नीति अवलम्वन गरिनेछ ।

२. **"बाँझो जग्गाको प्रयोग, उत्पादनमा सहयोग"** मुल मर्मलाई आत्मसाथ गर्दै बाँझो जग्गाको तथ्याङ्क संकलन गरी भूमि बैंक प्रणाली स्थापना गरी व्यवसायिक कृषि उत्पादनमा लाग्ने कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

३. कृषि उत्पादनको वजारीकरण मुल्य श्रृङ्खला र भण्डारण सहयोगका लागी "वारी देखि वजार सम्म गोठ देखि ओठ" सम्म अभियान सञ्चालन गरिनेछ । कृषि उपज संकलन केन्द्र र कृषि वजार मार्फत स्थानिय कृषि उपज वितरण सुनिश्चित गरिनेछ । कृषि उपजको उचित मुल्यका र कृषि उत्पादनका आधारमा प्रोत्साहन दिईनेछ ।

४. व्यवसायिक कृषि पकेट क्षेत्रको निर्माण गरी विद्युत, सडक, सिचाई, कोल्ड स्टोर, गोदाम घर जस्ता पूर्वाधारहरुको निर्माणका लागी पहल गरिनेछ।

५. कृषि बजारको स्थापना गरिनेछ र पालिका स्तरमा हाटबजारको संचालन गरी सबै वडाको कृषि उपजहरु हाटवजार सम्म ल्याउन ब्यवस्था मिलाईने छ ।

६. कृषि तथा पशुपालनको लागि आधुनिकिकरण गरिनेछ तथा चारा उत्पादन उद्ययोगको स्थापनामा पहल गरिनेछ।

७. रैथाने जातको खाद्यान्न वाली, तरकारी वाली र पशुपन्क्षी पालन गर्ने लाई आर्थिक सहुलियत दिने र रैथाने बाली संरक्षण गर्ने निति लागु गरिनेछ।

८. शिवालय गाउँपालिकामा उत्पादन हुने स्थानिय फलफूलको संरक्षण, प्रबर्दन तथा नयाँ-नयाँ जातका फलफूलका बिरुवा वृक्षारोपण गरिने व्यवस्था गरिनेछ।

९. तरकारी उत्पादन तथा आन्तरिक खपत सम्बन्धि योजना बनाईनेछ।

१०. अलैंची, सूटो, आलु, लसुन जस्ता उत्पादनलाई Value Chain संग जोडिनेछ।

११. केराको नयाँ जात, आँप, लिच्ची, सुन्तला, अमिलो, किवि, स्याउ, नास्पती, कागती, बदाम, चेरीका नयाँ जात हरु आयात गरी वितरण गरिनेछ।

१२. फलफूलको जूस, जाम तथा सस उत्पादन सम्बन्धि तालिम दिईनेछ।

१४. माछापोखरी निर्माण, माछाका भूरा उत्पादन तथा वितरण गरिनेछ।

१५. मौरीपालन व्यवसायलाई प्रवर्द्धन र तेलहन बालीलाई प्रवर्द्धन खेति विस्तारमा जोड दिइनेछ। साथै प्राकृतिक तथा अन्य कारणले वालीमा पुग्ने क्षतिको अनुकुल खेति प्रविधिको प्रयोग तथा वालीमा हुने महामारीको पहिचान र नियन्त्रणमा सहयोग गरिनेछ ।

१६. एक वडा एक नमुना पोषण मैत्री घर बगैचा करेसावारी निर्माण गरि आगामी ५ वर्ष भित्र एक घर एक पोषणमैत्री करेवारी निर्माण गर्ने निति लिईनेछ ।

१७. **"उत्पादन वढाउ, लागत घटाउ"** अभियान अन्तर्गत कृषि यान्त्रिकरण र कृषि प्रविधि विशेष औजारहरुमा अनुदानको व्यवस्था गरिनेछ ।

१८. वैदेशिक रोजगारवाट फर्किएका युवाहरुलाई आफ्नो सिप आफ्नै माटोमा लगाउ कार्यक्रम वनाई वांझो जग्गा उपयोग गरी चकलावन्दी खेति गर्ने युवाहरुलाई विशेष प्रोत्साहन गरिनेछ।

१९.प्रभावकारी कृषि प्रसार , उन्नत विउ विजन तालिम  सुचना प्रविधि प्रसार आकास्मिक वालि संरक्षण सेवा प्रदान गरिनेछ ।साथै चिया खेति सम्भाव्यता अध्ययन पश्चात चिया खेतिका लागि पालिका एक निति निर्माण गरी खेति विस्तार गर्नेछ ।

२०. मौसम ठाउँ अनुसार सुहाँउदो विभिन्न जातका फलफूलका विरुवाहरु वितरण तथा नमुना वगैचा निर्माण गरिनेछ  साथै नयाँ प्रजातिका फलफूलहरु आयत गरि कृषकहरुलाई विवतरण गरिनेछ र मसला जन्य र तरकारीहरु पालिकालाई आत्मा निर्भर गर्ने निति लिइनेछ ।

२१. यूवाहरुलाई व्यावसायिक रुपमा पशुपालन व्यवसायमा संलग्न गराई रोजगारिको व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ।

२२. कृषकहरुलाई पशुपालन क्षेत्रमा आत्मनिर्भर बन्न परम्परागत पेशालाई व्यवसायिकरण गरीने निति लागु गरिनेछ।

२३. दुध, अणडा, माछा मासुको उत्पादनमा वृद्धि गरी गाउँपालिकालाई पशुजन्य उत्पादनमा क्रमशःआत्मनिर्भर बनाईनेछ ।

२४. परम्परागत रैथाने जातका लोपोन्मुख गाई भैसीको संरक्षण र सम्वर्धन गरिनेछ साथै  विक्रि वितरणका लागि आवश्यक कार्यविधि तयार गरिनेछ ।

२५. आर्थिक स्तर कमजोर भएका कृषकहरुका लागि पशुपालन सम्बन्धी आवश्यक परामर्श सेवा,अनुदान दिई प्रोत्साहन गरीनेछ ।वाख्रापालन भैसीपालन लगायतका कृषकहरुलाइ दिइने सेवा अनुदान तालिम एकै व्यक्ति, समुह, सहकारी वा संस्थालाई पटक पटक दोहोरिने गरी उपलब्ध नगराईने नीति लिइनेछ । त्यस्तो सेवा समता ,समानता र समावेशिताको आधरमा प्रवाह गर्नुपर्नेछ । यस्तो गरेको नपाइएमा नियमानुसार आवश्यक कारवाही गरिनेछ ।

२६. पशुपन्छिमा लाग्ने विपन्न महामारी रोग नियन्त्रणको लागि संघिय र प्रदेश सरकारको समन्वयमा रोग नियन्त्रणक कार्यक्रम संचालन गरिनेछ ।साथै पशु विमा कार्यक्रम प्रभावकारी रुपले संचालन गर्नका लागि आवश्यक आर्थिक एवंम प्राविधिक सहयोग गरिनेछ।

२७. पशु पालन व्यवसायमा संलग्न भएका कृषकहरुको बास्तविक पहिचान गरी पालिका तथा अन्य क्षेत्रबाट प्राप्त अनुदानका लागि सिफारिस गरिनेछ ।

२८. बुङ्गर पालन पकेट क्षेत्र छनौट गरि  उन्नत जातको बुङ्गुर पालन कार्यलाई अघि बढाईनेछ ।

२९. मत्स्यपालन व्यवसायलाई प्रोत्साहन गरिने नीति लिइनेछ ।

३०. पशुजन्य पदार्थको ब्रान्डिङ गरिबजारमा प्रतिस्पर्धा गराउने नीति लिइनेछ ।

३१. मासु प्रवर्दन  कार्यक्रम अन्तरगत पाडापाडी,बङ्गुरर बाख्रा प्रवर्दन कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

३२. कृषकको पशुजन्य रोगबाट हुने क्षतिलाई न्यूनिकरण गर्न वडा स्तरीय पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने नीति लिइनेछ ।

३३. स्थानीय आर्थिक विकासको क्षेत्रमा "तान्ने र धकेल्ने" नीति अपनाइने छ ।तान्ने नीति अन्तरगत पर्यटन पूर्वाधार निर्माण, स्थानीय कला संस्कृतिको संवर्द्धन, संरक्षण, प्रचार प्रसारर स्थानीय उत्पादनको विशिष्टिकृत गरी आन्तरिक पर्यटक आकर्षित गर्ने एवं धकेल्ने नीति अन्तरगत कृषि, गैर कृषि तथा गैर काष्ठ वन पैदावरमा आधारित उत्पादन र उत्पादकत्व बढाएर निर्यात हुने क्षेत्रमा लगानी बढाइने छ ।

३४. **"सलल शिवालय खोला, खोलाबाटै आम्दानी गरे कसो होला"** भन्ने नारालाई साकार पार्नको लागि शिवालय खोलाका विभिन्न बगर र खाली ठाउँमा पोखरी निर्माण गरी माछापालन व्यवसाय संचालन लगायत बहुउपयोग गर्ने नीति तथा कार्यक्रम ल्याइनेछ ।

## (२) सहकारी विकास

१. सहकारी क्षेत्र हाल सुसुप्त र निष्कृय देखिएको छ ।सहकारी क्षेत्रको समग्र नियमान र अनुगमन गरी सक्षम चलायमान, पारदर्शी र कोपो मिसमा आवद्ध बनाउने र एकै प्रकृतिका र एकै कार्यक्षेत्र भएका सहकारी समायोजन गरी एक व्यक्ति एक सहकारी सदस्य नीति लिइने छ ।

२. सहकारी क्षेत्रको विकासको लागि यस क्षेत्रमा सरोकार राख्ने संघ संस्था समूह बीच समन्वय र साझेदारी गरी प्रभावकारी कार्यक्रम संचालन गरिनेछ । साथै लघु उद्यम, महिला, कृषि साझेदारी सहकारीहरुलाई प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

३. सहकारी क्षेत्रको सहभागितामा स्थानीय स्तरमा छरिएको श्रम, सीप, प्रविधि र पुँजीलाई एकिकृत गरी उत्पादन, उत्पादकत्व र रोजगारी बृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

४. विभिन्न सहुलियत अनुदान पाएका सहकारीहरुको विगत देखि को अध्ययन अनुसन्धान गरी कार्यप्रगती को विवरण मागि पारदर्शिता अपनाईनेछ।

५. सहकारीहरुलाई उत्पादनमूलक कार्यमा प्रोत्साहन गर्ने स्थानिय जनताको शेयर लगानी गर्न प्रोत्साहन गर्ने निति ल्याईनेछ र उक्त लगानीलाई शेयर लगानी पनि गर्न सकिनेछ।

६. निक्षेप कर्ताहरुको हित संरक्षणको निति ल्याईनेछ।

७. यस गाउँपालिकामा दर्ता नभई वा समन्वय नगरी जथाभावी निक्षेप संकलन गर्ने, निक्षेपको जानकारी नदिने, ठगी गर्ने जस्ता सबैखाले अपारदर्शी सहकारी वा अन्य वित्तिय संस्थाहरुलाई कारर्वाही गर्ने नीति ल्याईनेछ।

८. सहकारी संस्थाहरुले विधान बमोजिम साधारण सभा गर्नु पर्ने, किर्ते सही छाप नगर्ने नगराउने नितिको लागि एक नियमनकारी कार्यविधि बनाईनेछ ।

९. शिवालय गाउँपालालिकामा अस्तित्वमा रहेका सहकारीको अनुगमन, नियमन गरी दण्ड र प्रोत्साहन दुवै निति लागू गरिनेछ।

१०. **"गाउँगाउँमा सहकारी, घरघरमा रोजगारी"** नारालाई सार्थक तुल्याउन उत्पादन सहकारी विकास र प्रवर्द्धन गरिनेछ । साथै आर्थिक विकासका हरेक क्रियाकलापमा सहकारी संस्थालाई आवद्ध गराउँदै निजी, सरकारी र सहकारी साझेदारी कार्यक्रम लागु गरिनेछ ।

११. यस गाउँपालिका भित्र उत्पादन हुने वस्तु र सेवा तथा उपभोग हुने वस्तु र सेवाको पहिचान, अन्तर सम्बन्ध, अभाव तथा प्रचुरता को अध्ययन गरी मूल्यश्रृङ्खला संग जोडि (उत्पादन देखि बजारीकरण) व्यक्ति, सहकारी र अन्य संस्थाको सहकार्यमा आर्थिक विकास सम्बन्धि कार्यक्रम ल्याईनेछ।

## (३) उद्यम विकास तर्फ

१. उद्यमशीलता विकास र स्थानीय पर्यटन प्रवर्द्धनमा सहकारीको भूमिका बढाउदै लगिनेछ । सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै विकास कार्यमा अधिक परिचालन गरिने छ ।

२. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत स्थानीय संभावना श्रम सीप र प्रविधिको अत्याधुनिक दक्षतापुर्ण उपयोगी कार्यक्रम लागु गरी स्वरोजगार तथा आय आर्जन एवं सीपमुलक कार्यमा जोड दिइनेछ ।

३. पालिका भित्रका सामुदायिक वन क्षेत्रमा खेर गइरहेका काठको उपयोग गर्ने वन पैदावरमा आधारित उद्योग, अल्लो सिस्नो प्रशोधन, सिस्नो पाउडर, गुराँस जुस, दालमोठ, बोइलर कुखुरा दाना, आलु चिप्स उद्योग, खानेपानी उद्योग र स्थानीय ढुङ्गाहरु उत्खनन् प्रशोधन उद्योग स्थापना र लगानीमा जोड दिइनेछ ।

४. कृषि, पर्यटन तथा अन्य क्षेत्रमा व्यवसाय संचालन गरिरहेका र नयाँ व्यवसाय शुरु गर्न चाहने महिला उद्यमीका लागि तालिम, प्रविधि हस्तान्तरण, बिउ पुँजी, सहुलियत ब्याज दरमा ऋण जस्ता प्रावधान र प्रविधि सहित **"उपाध्यक्ष महिला उद्यमी कार्यक्रम"** संचालनमा गरिनेछ ।

५. उद्योग दर्ता तथा नविकरणको प्रक्रिया सरलीकृत गरिनेछ ।

६. स्थानिय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक शसक्तिकरण सम्बन्धि सिप तालिम अध्ययन तथा उद्यमशिलता विकास गरिनेछ।

७. स्थानिय साना तथा मझौला कागज उद्योग, अल्लो द्धारा उत्पादन हुने सामान उत्पादन गर्ने, बाँसको चोयाबाट उत्पादन हुने उद्योगलाई सञ्चालनमा ल्याईनेछ।

८. स्थानिय स्तरमा ईट्टा उद्योग, खानेपानी प्रशोधन, चारो फ्याक्ट्री, तरकारी संकलन, चिस्यान केन्द्र, मासु उत्पादन तथा बिक्रि केन्द्रको व्यवस्थापन, मत्स्य उत्पादनमा जोड दिई आर्थिक आर्जनलाई प्राथमिकता दिईनेछ।

९. दैनिक उपभोग्य वस्तु तथा पेय पदार्थहरुको गुणस्तर जाँच गर्न बजार अनुगमन तथा नियमनलाई प्रभावकारी बनाईनेछ।

१०. नयाँ उद्योग दर्ता गर्दा, स्थान्तरण, नामसारी गर्दा आधुनिक सूचना प्रबिधि मैत्री बनाईनेछ।

११. वैदेशिक रोजगारीमा रहेका श्रमिकहरुबाट लगानी गरी आर्थिक उत्पादन तथा बचत गर्न सक्ने उद्यम पहिचान गरी लगानी मैत्री उद्ययोग वा व्यवसायहरु संचालन गर्ने निति ल्याईनेछ।

१२. औद्योगिक क्षेत्रमा यातायातको पहुँच बढाईनेछ।

## (४) पर्यटन तर्फ

१. गाउँपालिका भित्र रहेका सम्भावित पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान, विकास, प्रसार प्रसार, प्रोफाइल प्रकाशन गरी एकिकृत पर्यटकीय सर्किट विकास गर्दै आन्तरिक पर्यटनलाई बढावा दिइनेछ ।

२. वडाकाँडा चिनेकम्द कचाली मालिका कोर्सिना चिउदुवा पर्यटन सर्किटका लागि सम्भाव्य अध्यननन गरी आन्तरिक पर्यटकीय सर्किटको निर्माण गरिनेछ ।

३. शिवालय गाउँपालिका अन्तरगत शिवालय १ छेडा मोर्क खोला, शिवालय १ डाङ्गरखोला, शिवालय ३ सेवाला, शिवालय ५ कल्याना कुटी र शिवालय ६ सेनी पिपलमा आधारभूत सुविधा सम्पन्न मसानघाट निर्माण गरिनेछ । साथै स्यापी छेडार सिमा खोलाको संगममा धार्मिक पर्व र पार्कनिर्माण गर्ने नीति लिइनेछ र भिउस दरवार परिसरको निर्माण तथा खोजतसलासको लागि पूरातत्व विभागद्धारा उत्खन्न गर्ने नीति लिइनेछ।

४. शिवालय वडा नं. १ को स्यापी बस्ती र वडा नं. ६ को सुगुरखाल बस्तीमा होमस्टे घरबास विकास गरी पर्यटन प्रवर्‌धन विकास गरिनेछ।

५. शिवालयको प्रवेशद्वार शिवालय १ र छेडागाड १३ जोड्ने झोलुङ्गे पुल निर्माणको लागि संघीय सरकारसँग अनुरोध गरिनेछ भने बन्जी जम्प (Bungee Jump) निर्माणको लागि निजी क्षेत्रलाई आकर्षण गर्ने वातावरण तयार गरिनेछ।

६. यस गाउँपालिकामा चिया खेती स्टार्टअप गरी आव. २०८०/०८१ मा पाईलट प्रोजेक्टको रुपमा दुई देखि तीन वटा सम्म स्थान छनौट परिक्षण गरि कार्यक्रम संचालन गरिनेछ।

७. शिवालय वडा नं. १ को स्यापी, वडा नं. ३ को घोडाछाल र वडा नं. ६ को सुँगरखालमा होमस्टेको सम्भावना अध्ययन गरी पर्यटन प्रबर्दन गरिनेछ

## (ख) सामाजिक विकास

### (१) लैङ्गिक समानता, वालवालिका,जेष्ठ नागरिक र सामाजिक समावेशीकरण तर्फ

१. अति गरिब, जनजाति, दलित, अल्पसंख्यक, महिला तथा बालबालिकाको उत्थानको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ

२. परम्परागत रुपमा दलित जातिबाट जिवन निर्वाहको रुपमा सञ्चालन गर्दै आएका पेशा व्यवसाय लाई उद्यम को रुपमा विकास गर्न चाहेमा लगानी सहुलियत प्रदान निति लिईनेछ र आधुनिकिकरणमा जोड दिईनेछ।

३. जेष्ठ नागरिक, अपाङ्ग, नेत्रहिन वर्गका मानिसहरुलाई उत्थान कार्य गरिनेछ।

४. जाँड रक्सी जस्ता कुलतमा लागि महिला हिंसा गर्ने, सामाजिक निति खलल गर्ने, अरु व्यक्तिको मानसम्मान मा असर पार्ने व्यक्तिलाई कानूनी कठघरामा ल्याई दण्डित गरिनेछ।

५. महिला द्वारा संचालित उद्दमलाई करको दायरामा ल्याई कर छुटको व्यवस्था गरिनेछ।

६. स्थानीय स्तरमा हुने सबै निर्माण कार्यमा महिला बालवालिकाको सहभागिता बृद्धि गरी सारभुत सहभागिता सुनिश्चित गरी असल अभ्यासको अनुकरण गरिनेछ ।

७. लैंगिक समानता सम्बन्धी नीती तथा कार्यक्रम तर्जुमा गरी सबै क्षेत्रमा समान रुपमा अवसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चित गरिनेछ ।

८. महिलाको श्रम र समयको बचत गर्न प्रविधिको प्रयोगमा जोड दिईनेछ ।

९. हिंसा पिडितको राहत, उद्धार,निःशुल्क, कानुनी सहायता मनोसामाजिक परामर्श र सीपमूलक कार्यक्रमको लागी आपतकालीन कोष स्थापना गरी संचलामा ल्याईनेछ ।

१०. व्याप्त घरेलु हिंसा, बाल बिबाह,मानव वेचविखन, दाईजो प्रथा, वहुविवाह, लैंगिक हिंसा जस्ता प्राथाहरुको न्यूनीकरणका लागी बहस पैरवी तथा चेतनामुलक कार्यक्रमहरु तर्जुमा गरी लागु गरिनेछ ।

११. बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, वालश्रम, वलात्कार जस्ता अपराध विरुद्ध शुन्य सहनशिलताको नीति अपनाई कानुनी सूधार गरिनेछ ।

१२. सडक वालवालिका,अनाथ असहाय, अशक्त, अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका व्यक्तिहरुको लागी स्वास्थ्य तथा सूरक्षाको उपर्यूक्त मापदण्ड वनाई त्यस्तो सेवालाई सहज र प्रभावकारी वनाईनेछ ।

१३. आपतकालिन वाल राहत उद्दार कोष स्थापना र संचालन गरिनेछ।

१४. बाल क्लव, वाल संजाल समूह, किशोर किशोरी समूह विस्तार गरी वालवालिका तथा किशोर किशोरीको अर्थपुर्ण सहभागिता बढाईनेछ।

१५. वालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा वाल अधिकार सूचकहरु पूरा गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गरी वालमैत्री वडा तथा स्थानीय तह घोषणा गर्ने कार्यलाई अगाडी बढाईनेछ।

१६. जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवहरुलाई उपयोग गर्न अन्तर पुस्ता सीप हस्तान्तरण, छलफल र अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

१७. जेष्ठ नागरिकले समाज र राष्ट्रलाई पुरयाएको योगदानको आधारमा सम्मान र आदर गर्दै सुविधाहरुमा विशेष छुट एंव सहुलियतको व्यवस्था गरिनेछ ।

१८. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको सहभागितामा अपाङ्ग मैत्री नीति निर्माण तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१९. सार्वजनिक भौतिक पूर्वाधारका संरचनाहरु निर्माणमा अपाङ्ग मैत्री वनाईनेछ।

२०. जनजातीहरुको मौलिक तथा मातृभाषा र परामपरागत कला संस्कृतिहरुको जर्गेना गर्नको लगी आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।

२१. दलित तथा पिछडिएका वर्गहरुका लागि परामपरागत सीपमा आधारित उद्योग व्यवसायलाई पर्वद्धन गरिनुका साथै कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा संलग्न गराईनेछ ।

**(२) वहुक्षेत्रीय पोषण कार्यक्रम तर्फः-**

१. गाउँपालिकाले महिला, बालबालिका र किशोरीहरुमा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन नेपाल सरकारको प्राथमिकता प्राप्त बुहक्षेत्री पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरिरहेकोमा आगामी आ.व. बाट सबै विषयगत तथा क्षेत्रगत क्रियाकलापहरु तयगरी पोषण तथा खाद्य सुधारको लागि तोकिएको क्रियाकलापहरु संचालन गरिनेछ ।

२. बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषणमैत्री स्थानीय शासन (Nutrition Friend Lacal Governance-NFLG) अबलम्बन गर्न र आगामी ४ वर्ष भित्र यस पालिकालाई पोषणमैत्री स्थानीय तह घोषणाका लागि विशेष अभियान संचालन गरी वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

३. बहुक्षेत्रीय पोषणा योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तिको लागि संघीय र प्रदेश सरकारको साथै विषयगत शाखा र साझेदार निकायहरुसँग मिलेर पोषण लक्षित र सम्वेदनाशील क्रियाकलापहरु संचालन गरिनेछ

४. यस गाउँपालिकाको पोषण तथा खाद्य सुरक्षा सम्बन्धी सूचना, तथ्याङ्कहरुको व्यवस्थापनको कमी भएको कुरालाई महसुस गर्दै पोषणको क्षेत्रमा कार्यरत संघ स्स्थाहरुको सहकार्यमा पालिका स्तरीय पोषण पार्श्व चित्र तथा स्थिति पत्र यसै वर्ष भित्र तयार गरिनेछ ।

५. बहुक्षेत्रीय पोषण योजनाले तोके अनुसार पालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको संस्थागत र क्षमता विकासमा जोड दिइनेछ ।

**(३) शिक्षा सम्बन्धि नीतिः-**

**शिक्षाको विकास पश्चात मात्र अन्य चौतर्फी पक्षको विकासको परिकल्पना गर्न सकिन्छ भन्ने मूल लक्ष्य सहितः-**

१. समाजवाद उन्मुख शिक्षा प्रणालीको विकास यस सरकारको दुरदृष्टी हुने छ । साथै स्थानीय सरकारको नजरमा शिक्षालाई उच्च प्राथमिकतामा राखिने छ।

२. अंग्रेजी माध्ययमबाट पठनपाठन गर्न चाहाने सामुदायिक विद्यालयहरुलाई पुर्वाधार एवंम् शिक्षण सिकाइ अनुदानको आवश्यक व्यवस्थापन गरि स्तरीय शिक्षा दिने व्यवस्था मिलाईनेछ।

३. विद्यालय तहको शिक्षामा कार्यरत विद्यलायमा कार्यरत कर्मचारीलाई श्रम ऐनको मर्म बमोजिम आन्तरिक स्रोतको व्यवस्थापन गरी न्युनतम तलबको व्यवस्थापन गर्ने निती लिइनेछ।

४. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोशाला, कम्प्युटर प्रयोगशाला तथा प्रदर्शनी कक्षाहरु स्थापना गरिने निति लिईनेछ।

५. विद्यालयका कर्मचारी तथा शिक्षकहरुको पारिश्रमिक निकासाको कार्यलाई‘Direct account Pay system’ प्रणाली निरन्तरता दिने नीतिलिइनेछ।

६. विद्यालय तहको परिक्षा प्रणालीलाई मर्यादित बनाईनेछ र अमर्यादित परीक्षा प्रणाली बनाउने तथा बनाउन उद्धत ब्यक्ती तथा शिक्षण संस्थाहरुलाई सो शिक्षण संस्थाहरुले प्राप्त गर्नेविभिन्न सरकारी सुबिधाहरुबाट बञ्चित गरिनेछ।

७. विद्यलाय तहको शिक्षामा IEMIS Report माफर्जी विद्यार्थी भर्ना प्रविष्टी गर्ने विद्यालय तथा संस्थालाई पुर्ण रुपमा कारवाहीको दायरामाल्याइनेछ।

८. शिवालय गाउँपालिका केन्द्र परिसरमा नेपालको संविधानमा नै ब्यबस्था भए बमोजिम आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क बनाउने परियोजनार्थ सर्वसुलभ, गूणस्तरी र पहुँचयोग्य एक आधारभूत विद्यालयको स्थापना गरिनेछ।

९. विद्यालयमा आधारित तथा समुदायमा आधारित बालबिकास केन्द्रहरको अवस्था पहिचान गरि पूर्वाधार विकासमा जोड दिईनेछ र शर्त पुरा नगरेका तथा विगत स्वीकृत पाएका तर हाल विद्यार्थी संख्या नभएका सामुदायमा आधारित बालबिकास केन्द्रहरुलाई हटाईने नीति ल्याइनेछ।

१०. आवश्यक शैक्षिक संस्थाहरु समायोजन (Merge) गरी पठनपाठन चुस्त बनाईनेछ। आगामी वर्ष देखि विद्यालय तहक शिक्षामा कार्यरत प्रधानाध्यापक,विद्यालयको प्रशासनिक, विद्यालय सहायक(लेखा) को पदमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरुले ६ महिना भित्र कम्प्युटर सम्बन्धि डाटाईन्ट्री, प्रोसेसिङ्ग, प्रिन्टिङ्ग, फाईलिङ्ग, सेभिङ्ग र डाउनलोड जस्ता प्रोग्राम अनिवार्य रुपमा सिक्नु पर्नेछ। यदि त्यस्तो कार्य गर्न नसकेमा त्यस्ता कर्मचारी वा शिक्षकहरुलाई उक्त पदमा कार्य गर्न योग्य नमान्ने नीति लिइनेछ।

११. विद्यालय तहको शिक्षाको शिक्षण सिकाइ सहजीकरण तथा समग्र शिक्षा प्रणालीको प्रभावकारीताको लागि सबै सामुदायिक विद्यालयहरुमा ईलेक्ट्रोनिक हाजिरी प्रणाली जडान गरि त्यसको निगरानी गर्न मिल्ने प्रबिधिको प्रयोग गरी पठन पाठनलाई गुणस्तरीय बनाईनेछ।

१२. शिवालय गाउँपालिका स्तरीय कक्षा एक देखि आठ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भइसकेको अवस्थामा यस आ.व मा कक्षा १ देखि कक्षा ३ सम्मको लागि कार्यपुस्तक निर्माण गरि विद्यालयमा वितरण गरिनेछ।

१३. विद्यालय तहको शिक्षा तर्फ कक्षा एक देखि कक्षा तीन सम्मको थिममा आधारीत मुल्याङकन प्रणालीलाई प्रस्कृत गरिनेछ।

१४. शिवालय गाउँपालिकाको पञ्चवर्षे शैक्षिक रणनिती कोर्नको लागि शिवालय गाउँपालिका स्तरीय शिक्षा योजना निर्माण गरि लागु गरिने छ।

१५. शिवालय गाउँपालिका स्तरीय राष्ट्रपति रङिन शिल्ड तथा पालिका स्तरीय बन्दखेलका कार्यक्रमहरुमा निरन्तरता दिइनेछ।

१६. शिवालय गाउँपालिका अन्तर्गत सञ्चालित सबै सामुदायिक विद्यालयलाई प्रविधिमैत्री शिक्षण सिकाइ सहजिकरण कार्यलाई बढुवा दिन एक सेट सौर्य वा विद्युत लाईन जडान गरि प्रति विद्यालय एक सेट फोटोकपी मेसिन र डेक्स्टबको ब्यबस्थापनमा विशेस जोड दिइने छ।

१७. शिवालय गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुले कक्षाको पठनपाठनमा टेवा पुऱ्याउने उद्देश्यले यस आ.व मा विद्यालयहरुमा शिक्षक निर्देशिका तथा सन्दर्भ सामाग्रीहरु पुऱ्याउन विशेष पहल गरिनेछ।

१८. शिवालय गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा विद्यालय दिवस मनाउने नीति अवलम्बन गरिनेछ।

१९. यस आ.व बाट नै शिवालय बहुमुखि क्यामपसको सम्बन्धन प्राप्त गरी कुनै एक विधामा पठनपाठन कार्यको सुरुवात गरिनेछ।

२०. शिवालय गाँउपालिका स्तरीय शैक्षिक सामाग्री निर्माणमा जोड दिई शैक्षिक सामाग्री प्रदशनी मेला आयोजना गरिने छ।

२१. समग्र सामुदायिक विद्यालयको शिक्षण सिकाई सहजिकरण कार्यलाई चुस्त दुरुस्त बनाउने उद्देश्यले प्रधानाध्यापक र शिक्षक तथा शिक्षा शाखा र प्रधानाध्यापक र शिक्षा शाखा र प्रमुख प्रशासकीय अधिकृत विच कार्यसम्पादन करार सम्झौता गरिने छ।

२२. शिवालय गाउँपालिका अन्तर्गतका विभिन्न बस्तिमा प्रौढ शिक्षालाई प्राथमिकता दिइने छ, जहाँ सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षा संग जोडिने छ।

२३. विद्यालयको शैक्षिक उपलब्धिका आधारमा विद्यालय तथा उत्कृष्ट शिक्षकहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।

२४. राम्रा अभ्यासको अनुगमन र सो अभ्यासहरुको आदान प्रदान गर्नने हेतुले आवश्यकताको आधारमा शैक्षिक शैक्षणिक भ्रमण गराईनेछ । जसका लागी भ्रमणमा सहभागीले अनिवार्य रुपमा एक प्रति भ्रमण प्रतिवेदन शाखामा पेश गर्ने व्यवस्था मिलाईनेछ ।

२५. शिवालय गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुको अनुगमन र नियमन गरी सार्वजानिक विद्यालय समायोजन एवम एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७७ अनुसार प्रतिफलमुखी कार्य अगाडी बढाईने छ।

२६. विद्यालय शान्ती क्षेत्र सम्बन्धी कार्यविधीलाई आत्मसात गरी हो-हल्ला रहित तथा निर्धक्क तरिकाले शिक्षण सिकाई सहजिकरण कार्यलाई बढवा दिन प्राथमिकताका आधारमाविद्यालय घेरावार निर्माण कार्यलाई प्राथमिकता दिइने छ ।

२७. शिक्षकको क्षमता विकास नै शैक्षिक उपलब्धीको आधार हो।जसका लागी तह अनुसार विषयगत रुपमा शिक्षकको क्षमता विकास तालिममा विशेष जोड दिइने छ।

२८. विद्यालयको तथ्याङ्कको प्रभावकारी ब्यबस्थापनको लागि IEMIS सम्वन्धी कार्य प्रभावकारीताको लागी अभिमुखीकरण तालिम संचालन गरिने छ।

२९. एक विद्यालय एक सुचना ब्यक्ति वा सम्पर्क शिक्षक तोक्ने कार्यलाई अगाडि बढाईनेछ

३०. साक्षर तथा समुन्नत शिवालय गाउँपालिका निर्माणको कार्यलाई वढवा दिने आवश्यकताको आधारमा सामुदायिक सिकाई केन्द्र वितरणमा जोड दिइने छ ।

३१. शैक्षिक पारदर्शिताका लागी शिवालय गाउँपालिका स्तरीय विद्यालय शिक्षा सम्बन्धि एउटा Education App को निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

३२. प्रापक सहितको अनुगमन र सुपरिवेक्षण कार्यलाई तदारुपताका साथ अगाडी बढाइनेछ।

३३. शिवालय गाउँपालिका स्तरीय सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइ सहजीकरण कार्यलाई थप गुणस्तरीय बनाउन आवश्यकता र औचित्यताको आधारमा विद्यालय शिक्षण सिकाइ अनुदान वितरण कार्यलाई निरन्तरता दिइने छ।

३४. शिवालय गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुका सिकारुहरुमा अनुशासन स्वावलम्बन तथा राष्ट्रप्रतिको स्नेहको बृद्धि गर्ने उद्देश्यले विद्यालय स्काउट कार्यक्रम सञ्चालन गरिनेछ।

३५. अतिरिक्त क्रियाकलापलाई वढावा दिने विद्यालय स्तरमा नीति सह व्यवस्था भए वमोजिम कम्तीमा एक महिनामा ९० घण्टा तथा बर्ष दिनमा १०८० घण्टा विद्यालयमा अनिवार्य रुपमा क्रियाकलाप संचालन गरिनेछ ।

३६. यस शिवालय गाँउपालिकाका सामुदायिक विद्यलायबाट अध्ययन गरेका गरिब तथा जेन्दार विद्यार्थीहरु उच्च शिक्षा तथा प्राविधिक शिक्षा ग्रहण गर्ने शिवालयवासी विद्यार्थीहरुको अध्ययनका विशेष गरि BSC in Forestry, B.Engineer र M.B.B.S कोलागि तोकिए वमोजिम सशर्त छात्रवृत्ति उपलब्ध गराइने कार्यमा निरन्तरता दिइनेछ।

३७. प्रत्येक विद्यालयकमा अनिवार्य रुपमा एक गुनासो सुनुवाई समिति गठन गर्न पहल गरिनेछ ।जहाँ विद्यार्थीको क्षमता विकास कार्यलाई वढवा दिने प्रत्येक विद्यालयमा वाल क्लब स्काउट जुनियर रेडक्रस सर्कल गठन गरिनेछ ।

३८. स्वच्छ एवम् हरित पृथ्वी विद्यार्थीको हातमा हस्तान्तरण गर्न एक विद्यालय एक बगैचा तथा हरित क्षेत्र निर्माणको कार्यलाई प्रभावकारी रुपले अगाडी बढाईने छ ।

३९. शिवालय गाउँपालिकाका सामुदायिक विद्यालयहरुबाट कक्षा दश तथा कक्षा १२ उतिर्णा गरेर उच्च शिक्षा ग्रहण गर्दै गरेका तथा विभिन्न सेवाका लोकसेवा आयोगका पाठ्यक्रमको अध्ययन गर्ने विद्यार्थीहरुको लागि अनुदान स्वरुप सहुलियत दिइने छ।

४०. एक वडा एक खेलमैदानको नीति लिइने छ।

४१. पालिका स्तरीय अन्तर विद्यालय सह तथा अतिरिक्त कार्यकलापबाट विद्यार्थीहरुको चौतर्फि पक्षको विकास र विद्यार्थीहरुमा प्रतिस्पर्धाको भावना जागृत हुने भएकोले सो कार्यलाई प्राथमिकतामा राख्ने नीति लिइनेछ।

**(४) युवा खेलकुद तथा रोजगारी सम्बन्धि निति तथा कार्यक्रमः**

१. खेलकुद विकासको लागि ऐरेली रंगशाला निर्माणलाई निरन्तर दिईनेछ।

२. शिवालय गाउँपालिका स्तरीय राष्ट्रपति रङिन शिल्ड प्रतियोगिता तथा बन्दखेल close game कार्यक्रमको नीतिलाई निरन्तरता दिइनेछ।

३. प्रत्येक वडामा एक खेलमैदानको स्थापना, शारिरीक व्यायामशालाको स्थापना जस्ता पूर्वाधार निर्माण गर्ने निति लिईनेछ र विभिन्न खेलकुद आयोजना गरी प्रतिस्पर्धा गराउने र उचित पुरुस्कारको व्यवस्था गर्ने निति लिईनेछ।

४. युवाहरुलाई दुर्व्यसन मुक्त बनाईनेछ र दुर्व्यसनमा फसेकालाई सुधार गर्ने निति ल्याईनेछ।

५. अति गरिब तथा विपन्न परिवारका सदस्यलाई पलम्वर, ईलेक्ट्रीसियन, मेसिनरी,प्लास्टर, इक्जाभेटर, मोटर, बस, जिप, ट्रक, लोरी ड्राईभिङ्ग सम्बन्धि तालिम दिईनेछ।

६. कटिङ्ग, सिलाई, बुनाई, कुक, रङरोगन जस्ता अल्पकालिन र दिर्घकालिन तालिम दिईने निति लागु गरिनेछ।

७. उत्पादन र लगानिलाई श्रम रोजगार संग जोडिनेछ।

८. अनुत्पादनमुलक अनुदान र अध्ययन अनुसन्धान बिनाका कार्यक्रमहरुलाई लागू नगर्ने नीति लिइनेछ।

९. विभिन्न लोकसेवा सम्बन्धि विधिन्न सेवाको तयारी कक्षा, तालिममा निरन्तरता दिने नीति लिइनेछ।

**(५) स्वास्थ्य सम्बन्धि नीतीः-**

१. प्रत्येक वडाहरमा स्थापना भएका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई साधन स्रोत सम्पन्न बनाइने छ

२. शिवालय १० शैया अस्पताल संचालनमा ल्याउनका लागि आवश्यक जनशक्ति, मेडिकल उपकरण र औषधीको व्यवस्थापन गरिनेछ ।

३. कुनै पनि महामारी संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि स्वास्थ्य पूर्वाधारको आवश्यक हुने हुँदा गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक मात्रामा स्वास्थ्य पूर्वाधारको निर्माण गरिनेछ ।

४. स्वास्थ्य संस्थाहरु बार्है महिना औषधी उपकरण र अन्य सामग्रीहरुको अभाव हुन नदिन आवश्यक व्यवस्था मिलाइने छ ।

५. स्वच्छ नागरिक सफा सुन्दर गाउँपालिका भन्ने मूल ध्येयका साथ जनताको जीवन संग जोडिएको आधारभूत स्वास्थ्य सेवालाई भरपर्दो, जनमुखी र प्रभावकारी बनाइने छ ।

६. स्वास्थ्य क्षेत्रमा कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुको योगदान र भूमिकाको उच्च कदर गर्दै पेशा प्रति कटिबद्ध रहेनेलाई प्रोत्सहानको व्यवस्था गरिनेछ ।

७. गाउँपालिकाद्वारा संचालित सर्वसुलभ दरमा ऐम्वुलेन्स सेवा निरन्तरता दिइनेछ । सुत्केरी महिला, दुर्घटनामा परेका, असहाय, टुहुरा, गरिब बालबालिकाहरुलाई उच्च प्राथमिकतामा राखी सहुलियत सेवा उपलब्ध गराइने छ

८. आधारभूत स्वास्थ्यमा सबै सहज पहुँच र सुरक्षित मातृत्व शिशु प्रजनन् स्वास्थ्यको लागि विशेष पहल गरिनेछ।

९. शिवालय अस्पताल र प्रसूति गृह संचालन भएका स्वास्थ्य संस्थाबाट नेपाल सरकारबाट तोकीएको नीति अनुसार ८ पटक गर्भवती जाँच गराइ स्वास्थ्य संस्थामा सुत्केरी गराउने आमाहरुलाई पोषणयुक्त खानेकुरा न्यानो सोल र शिशुलाई न्यानो कपडा वितरणको व्यवस्था मिलाउनुका साथै सुत्केरी आमालाई यातायात खर्चको व्यवस्था मिलाइने छ ।

१०. शिवालय अस्पताल र प्रसूति गृहद्वारा मातृ शिशु स्वास्थ्य सेवा भरपर्दो र सुरक्षित गराउन २४ घण्टा SBA नर्सिङ जनशक्तिको व्यवस्था मिलाउने छ ।

११. प्रसूति गृह नभएको स्वास्थ्य चौकी जुङ्गाथाचौरलाई प्रसूति गृह सूचिकृत गरी संचालनमा प्रसूति सेवा उपलब्ध गराइने छ ।

१२. महिलाको आङ् खस्ने, पाठेघर क्यान्सर, आँखा, हाडजोर्नी, मुटु रोग, जेष्ठ नागिरक स्वास्थ्य जाँच लगायतका अतिआवश्यक विशेषज्ञ सेवाको लागि गाउँपालिका स्तरीय घुम्ति शिविर संचालन गरिनेछ ।

१३. बिरामीहरुलाई स्वास्थ्य संस्थामा सहज रुपमा लैजानको लागि प्रत्येक टोलमा आवश्यक मात्रामा स्टेचरको व्यवस्था गरिनेछ भने बिरामीको अवस्था हेरी ऐम्वुलेन्स सेवा उपलब्ध गराइनेछ ।

१४. स्वास्थ्य संस्थाहरुमा करार कार्यरत कर्मचारीहरुको मासिक पारिश्रमिकमा एकरुपता कायम गरिनेछ ।

१५. स्वास्थ्य संस्थाहरुको सेवा प्रवाह र प्रतिवेदन कार्यमा सहजीकरणको लागि कम्प्यूटर सामग्रीहरु उपलब्ध गराइने छ ।

१६. स्वास्थ्य संस्थाहरुको दैनिक प्रशासनिक कार्य संचालनको लागि व्यवस्थापन खर्च उपलब्ध गराइने छ ।

१७. प्रसूति गृहलाई सेवाको पहुँचमा पुर्याउनका लागि चक्रीय कोषको व्यवस्था गरिनेछ ।

१८. स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्नका लागि SBA, DHIS2 जस्ता आधारभूत तालिमको व्यवस्था गरिनेछ

१९. गाउँघर क्लिनिक, खोप क्लिनिक आवश्यकता अनुसार थप व्यवस्था गरी स्वास्थ्य सेवालाई विस्तार गरिनेछ

२०. सामुदायिक महिला स्वास्थ्य स्यवम् सेविकाहरुलाई क्षमता अभिबृद्धि गर्नका लागि मेडिको मोवाइल कार्यक्रम संचालन गरिनेछ ।

२१. स्वास्थ्य सम्बन्धी तथ्याङ्क सुधार गर्न र लक्ष्य अनुसार प्रगति हासिल गर्न वार्षिक/चौमासिक/अर्धवार्षिक/मासिक समीक्षा बैठक आयोजना गरिनेछ ।

२२. स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्नको लागि अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

२३. यस गाउँपालिकामा निर्माण सम्पन्न हुन लागेको दश शैयाको अस्पताललाई आगामी वर्षबाट संचालनमा ल्याईनेछ।

२४. प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्रको स्तरउन्नती गरी रोग निदान र पुनर्स्थापना सेवा सहज र जनमैत्री बनाईनेछ।

२५. स्थानिय जडिबुडिको संरक्षण र सम्बर्द्धन गरी परम्परागत उपचार पद्धतीलाई संरक्षित गरिनेछ र त्यसमा संलग्न व्यक्ति वा संस्थालाई सहुलियत अनुदानको निति लिईनेछ।

२६. गाउँपालिका भित्र संचालित स्वास्थ्य सेवा सम्बन्धि संस्थाहरुलाई दर्ता गरिनेछ र स्तरयुक्त भए नभएको परिक्षण गरी स्थानिय सरकारको अनुमती नलिई संचाल भएका एलोपेथिक तथा आयुर्वेदिक संस्थाहरुलाई पूर्ण प्रतिबन्ध लगाईनेछ।

२७. गर्भवती महिला र नवजात शिशुको लागि पोषण सम्बन्धि कार्यक्रम संचालनमा ल्याईनेछ।

२८. औषधीको गुणस्तर, Expire Date आदिको अनुगमन एवं परिक्षण गरिन्छ।

२९. ९ वटै वडामा सबै बस्ती टोलहरुमा एम्बुलेन्सको सेवा प्रवाह जनमैत्री बनाईनेछ।

३०. उच्च स्वास्थ्य जोखिम भएका रोगीहरुः क्यान्सर, मृगौला, दम, मुटु र बाथ जस्ता अन्य रोगले पिडित, गरीब र पिछडिएकालाई आर्थिक सहुलियतमा निरन्तरता दिने नीति लिइनेछ।

३१. सर्वसाधारणको स्वास्थ्यलाई सुलभ उपचार गर्न विभिन्न शिविर संचालन गरी सर्वसाधारणको सुरक्षा गर्ने नीति लिइनेछ।

३२. शिवालय गाउँपालिकाको निति निर्देशन बेगर कुनै पनि स्वास्थ्य सम्बन्धि पूर्वाधार निर्माण, स्वास्थ्य शिविर आदि स्थापना गर्न पाईने नीति लिइनेछ।

३३. गैर सरकारी संस्थाद्धारा प्रदान गरिने स्वास्थ्य सम्बन्धि सेवाहरुलाई एकद्धार प्रणाली ल्याईनेछ।

३४. शिवालय अस्पताल र स्वास्थ्य चौकि हरुमा प्रयोगशाला स्थापना गरिनेछ।

३५. विभिन्न महामारी तथा संक्रामक रोगबाट जनताको जीउ धनको सुरक्षा गर्ने निति लिइनेछ।

**(६) खानेपानी तथा सरसफाई सम्बन्धि नीतिः-**

१. **"घरघरमा स्वच्छ पानीको धारा, शिवालय सरकारको अभिभारा"** संकल्पलाई कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार, शिवालय गाउँपालिका र अन्य विकास साझेदार निकायको समन्वय र साझेदारीमा एक घर एक स्वच्छ खानेपानीको धाराको व्यवस्था गरिनेछ ।

२. शिवालय गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा लागू भएको Wash plan अनुसार खानेपानी सेवा विस्तार गर्ने नीति लिइनेछ।

३. सतहगत खानेपानीको सुविधा नपुगेका बस्ती र स्थानमा आकाशे पानी संकलन विधि वा लिफ्ट विधिबाट खानेपानीको सुविधा उपलब्ध गराइने छ ।

४. खानेपानीमा प्रयोग भएका मुहानहरुको गुणस्तर जाँच गरी स्वस्थ र स्वच्छ खानेपानी उपलब्ध गराइनेछ ।

५. सबै घरधुरीहरुमा गुणस्तरीय शौचालय निर्माण र प्रयोगको लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने र आगामि आर्थिक वर्ष भित्र सबै वडाहरु पुर्ण सरसफाइ युक्त वडा घोषणा उन्मुख बनाइने छ ।

६. निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरु नेपाल सरकारको खानेपानी तथा ढल निकास विभागको MIS System मा आवद्ध गरिनेछ।

७. शिवालय गाउँपालिकाको १०० वर्ष जलसम्पदा गुरुयोजना तयार गरिनेछ।

८. शिवालय गाउँपालिकाको पालिका क्षेत्रमा १०,००० (दश हजार) जनालाई सुलभ पिउने पानिको व्यवस्था हुने गरी वृहत खानेपानी गुरुयोजना तयार गरिनेछ।

९. खानेपानी तथा सरसफाई तत्कालिन, अल्पकालिन र दिर्घकालिन समस्यामा वर्गिकृत गरी उपलब्ध स्रोतहरु खोजी र योजनाहरुको निर्माण गरी खानेपानी वितरण को समस्या हल गरिने नीति लिईनेछ।

## (७) संस्कृत प्रवर्द्धन

१. राष्ट्रिय र अन्तराष्ट्रिय भगनी सम्बन्ध स्थापना गरिनेछ र स्थानिय मौलिक संस्कृतिको पहिचान सहितको डकुमेन्ट्री बनाई प्रचारप्रसार गरिनेछ।

२. प्राचिन धार्मिक पर्यटकीय शिवालय (शेवाला) स्यापि, कल्याणा, ताँङ्गाचुला, मालिका, भिउँस दरबार, थाला, नान्ने, वडाकाँडा जस्ता क्षेत्रको पूर्वाधार विकास गरी शिवालयको पर्यटकिय स्रोत बनाईनेंछ र शिवालय गुरुधामको आ.व. २०८०/०८१ मा विस्तृत परियोजना प्रतिवेदन सम्पन्न गरी कार्यान्वयनमा ल्याईनेछ।

३. स्थानिय भेषभूषा, बोली, भाषा, कलार संस्कृतीको संरक्षण गर्न एक संग्राहलयको निर्माणमा जोड दिईनेछ।

४. स्थानीय कला संस्कृती, पर्व र महोत्सवहरुलाई संरक्षण र संम्वर्द्धन गरी पर्यटकीय स्रोतको रुपमा प्रयोग गरीनेछ र प्रतिस्पर्धा द्वारा मौलिक संस्कृतीको संरक्षण गरीनेछ।

५. शिवालय धाम र कल्याना कुटीको शिव मन्दिरको उत्खनन तथा पुननिर्माण गरी बृहत धार्मिक धामको विकास तथा निर्माण गरी धार्मिक पर्यटक भित्र्याउने नीति लिइनेछ ।

६. शिवालय गाउँपालिका भित्रमा पाईने गित संगितको संरक्षण र संबर्धन गर्न वाध्यवाधन सम्बन्धि ज्ञान दिने, मेला उत्सव आयोजना गर्ने निति लिईनेछ।

७. स्थानिय स्तरका परम्परागत भाषा, शब्द, संगित, वाध्यबाधनको संरक्षण र संबर्धन गर्ने र एक संग्रहालयको स्थापना गर्ने निति लिईनेछ।

८. लोपोन्मुख भाषाको संरक्षण गरिनेछ।

९. शिवालय गाउँपालिकाका कला र संस्कृतीलाई उत्कृष्ट एवं मनोरञ्जनात्मक बनाउन पायक पर्ने स्थान मा संगित नाट्य शाला संगित प्रशिक्षण केन्द्र स्थापना गरिनेछ।

## (ग) पूर्वाधार विकास तथा यातायात

### (१) सडक पूर्वाधार र यातायात

१. निर्माण सम्पन्न भएका सडक तथा वडा केन्द्रसम्म संचालनमा सकड स्तरोन्नती कार्यहरुमा प्राथमिकता दिई बाह्रै महिना चल्ने बनाइने छ ।

२. छेडा-चाली हुँदै मध्य पहाडी लोकमार्ग जोड्ने सडक निर्माणको लागि संघ र प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।

३. छेडा-कचाली सडक अन्तरगत विभिन्न खोला नालाहरुमा सडक पुल निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ।

४. मोर्क, आले, खनेटा, देउली, चिउदुवा, कचाली, चिनेकम्द, बडाकाँडा र बालुवा चक्रपथ निर्माणको लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

५. यस गाउँपालिकामा रहेको बढ्दो बेरोजगार युवाहरुको जीविकोपार्जन तथा आत्मनिरभर्ताको लागि स्थानीय तहको रोजगार रणनिति सम्बन्धी मार्गदर्शन २०८० बमोजिम विभन्न सीप, रोजगारमूलक तालिम संचालन गरी बेरोजगार युवाहरुको आय स्तरमा बृद्धि गरिनेछ ।

६. शिवालयको भित्रि चक्रपथलाई निर्माण सम्पन्न गरी सडक आसपासका सम्भाव्य स्थानमा बस्ती विकास गरिनेछ ।

७. पालिका बसको व्यवस्था गरी शिवालय गाउँपालिका क्षेत्र भित्र सुलभ यातायात सुविधा उपलब्ध गराइने छ ।

८. आवागमनको अवस्था हेरी आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गरी आवागमनमा सुविधा विस्तार गरिनेछ ।

९. शिवालय गाउँपालिका वडा नं ३ स्थित कोलहाले देखि शिवालय गाउँपालिकाको शिवालय बहुमुखी क्यापस परिसरको भुत्यापोखरी जोडने झोलुङ्गे पुल DPR तथा निर्माणको कार्य यही आर्थिक वर्षदेखी सुरु गरिनेछ।

**(२) भवन निर्माण र शहरी विकास**

१. भवन निर्माण आचार संहिता कार्यविधि समय सापेक्ष परिमार्जन गरी पुराना संरचना भएका घरको अभिलेखीकरण गरिनेछ भने नयाँ बन्ने घरको लागि घर नक्शा पास गर्ने नीतिलाई कडाइ साथ लागु गरिनेछ।

२. खरको छाना मुक्त घर (सुरक्षित आवास) निर्माणको गाउँपालिकाले कार्यक्रम संचालन गरिनेछ ।

३. शिवालय गाउँपालिका क्षेत्र भित्रका शिवालय ऐरेली बजार, मोर्क बजार छेडाचौर जस्ता स्थानलाई बजार क्षेत्र घोषणा गरी आवश्यक शहरी पूर्वाधार निर्माण गरिनेछ ।

४. वडा कार्यालय नबनेका वडाका वडा कार्यालय निर्माणको लागि प्राथमिकता दिई निर्माण गरिनेछ ।

५. स्वास्थ्य संस्था भवनहरु निर्माण सम्पन्न गरिनेछ ।

६. अस्पताल भनवको निर्माण सम्पन्न भए पश्चात अन्य भवन पूर्वाधार निर्माण गरी सुविधा सम्पन्न बनाइने छ ।

७. शिवालय क्याम्पस भवन यसै आर्थिक वर्षमा निर्माण सम्पन्न भएता पनि थप भनवहरु निर्माण गरी सुविधा सम्पन्न गराइने छ ।

८. शिवालय गाउँपालिकामा कार्यरत कर्मचारीहरुको उच्च मनोबल गराउनको लागि कर्मचारी आवास भवन निर्माणका लागि पहल गरिनेछ।

९. शिवालय रिङ्गरोडको दाँया बाँया र बजार क्षेत्र भित्र निर्माण गरिने नयाँ भवनहरु आगामी आर्थिक वर्ष २०८०/०८१ देखि भुकम्प सुरक्षित मापदण्डको भवन आचार संहिता अनुसार निर्माण गर्नुपर्नेछ। यसको कार्यान्वयन गर्न उल्लेखित स्थानहरुमा घर निर्माण गर्दा शिवालय गाउँपालिकाबाट नक्सा पास गर्नु पर्ने नीति ल्याईनेछ। त्यसो नगरेमा घर बनाउन पाइने छैन ।

१०. शिवालय गाउँपालिकाको स्वीकृती वेगर मनोमानी ढंङ्गले सडक, बजार निर्माण गर्न पाईने छैन। त्यसको लागि स्थानीय सरकारले बृहत शिवालय नगर परिकल्पना सहितको विस्तारित प्रतिवेदन तयार गरी करीब १०० वर्ष सम्मको भौतिक पूर्वाधार खानेपानी, शिक्षा, स्वास्थ्य, संस्कृती सम्बन्धि नीति तत्काल लागु गरी र सोही नीति अनुसार कार्यान्वयन गरिनेछ ।

११. अति विपन्न र न्युन आय भएका परिवारलाई पारदर्शी रुपले पहिचान गरी शिक्षा आवास तथा अन्य सुविधाको लागि प्रोत्साहन गरिनेछ।

**(३) ग्रामीण विद्युतीकरण र बैकल्पिक उर्जा**

१. आगामी आर्थिक वर्ष भित्रै गाउँपालिकाका सबै वडाहरुमा केन्द्रीय विद्युत लाइन जडान गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

२. केन्द्रीय लाइन पुग्न नसकेका विकट टोल र बस्तीमा सौर्य उर्जा, बायो ग्यास जस्ता बैकल्पिक उर्जाका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

३. “शिवालय उज्यालो” कार्यक्रमको लागि ग्रामीण विद्युतीकरण विभाग तथा विकास साझेदार निकायसँग समन्वय र साझेदारी गरिनेछ ।

**(४) सिंचाई**

१. शिवालय गाउँपालिकाको सिंचित क्षेत्रको संभावना रहेको खेतियोग्य जमिनलाई प्राथमिकता दिई सतह सिंचाई कुलो तथा लिफ्ट सिंचाई प्रविधिबाट सिंचाई सुविधा उपलब्ध गराइ कृषकहरुको आय स्तरमा बृद्धि गरिने छ ।

२. सिंचाई सुविधा उपलब्ध हुन सक्ने खेती योग्य जमिन र सिंचाई सुविधा उपलब्ध हुन नसक्ने खेती योग्य जमिनको एकिन गरी बैकल्पिक सिंचाईका प्रविधिहरुलाई आयात गरिनेछ ।

३. प्रयाप्त पानीको स्रोत भएको तर सिंचाईबाट उत्पादन र उत्पादकत्व कमी हुने जमिनमा माछापालन तथा अन्य खेती प्रणालीमा प्रोत्सहान गरिने छ ।

४. सिंचाई पोखरी र थोपा सिंचाई प्रणालीमा विशेष प्राथमिकता दिई कार्यक्रम ल्याईने छ ।

**(घ) वन वातावरण जलवायु परिवर्तन र विपद् व्यवस्थापनः**

१. शिवालय गाउँपालिकाका ९ वटै वडा का विशेष गरी उच्च क्षेत्रमा परिकल्पना गरी पानी पुनभरण (Recharge) गर्न पोखरीहरु निर्माण गरिनेछ।

२. खोला, मुल, नदी, वा वैकल्पिक रिजर्भवायर(जलासय), निर्माण गरी खानेपानी आपुर्ती गर्न संघ, प्रदेश, र अन्य संघ संस्था संग सहकार्य गरी खानेपानी वितरणमा आधुनिक प्रणाली लागु गर्ने नीति लिईनेछ।

३. शिवालय गाउँपालिकाको सिमाना को खनिज पदार्थ, वनजङ्गल र पैदावार र सिमा को रक्षात्मक सम्बन्धित वडा प्रमुखहरु मार्फत सिमा संरक्षण र संवर्दन को नीति ल्याईनेछ।

४. शिवालय गाउँपालिकामा उत्पन्न फोहोरलाई (Disposal and non disposal) मा छुट्याई (Disposal) लाई गाड्ने वा कम्पोष्ट मल उत्पादन गर्ने र (non disposal) लाई ढुवानी गरी संरक्षित स्थानमा पुर्याउने व्यवस्था गरिनेछ।

५. शिवालय बजारमा वर्षौं देखि थुपारिएको सिसा बोतललाई आगामी वर्ष हटाईनेछ र उप्रान्त बोतल सिसिहरु जथाभावी फाल्ने, फोड्ने व्यक्ति, पसल वा संस्थालाई स्थानीय कानून बनाई कडा दिईनेछ।

६. शिवालय गाउँपालिकाका सार्वजनिक महत्वपुर्ण स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरिनेछ र उक्त शौचालयबाट जम्मा भएको फोहोर सिधै नदि वा खोलामा विसर्जन गर्न दिईने छैन।

७. प्लाष्टिक जन्य फोहोरको उचित ब्यवस्थापन गरिनेछ।

८. फोहोर सफा गर्न विस्तारै स्मार्ट वाटर सिस्टम तर्फ लगिनेछ।

९. अस्पताल, स्वास्थ्य क्लिनिकहरुलाई अस्पतालजन्य फोहोर व्यवस्थापनमा जिम्मेवार बनाईनेछ।

१०. सरसफाईमा बजार व्यवस्थापन समितिलाई सक्रिय बनाईनेछ।

११. जलवायु परिवर्तनका असर तथा प्रभावहरुसँग जुध्न स्थानीय अनुकुलन योजना, न्यूनीकरणका योजना तथा समयानुकुलका आयोजनाहरुलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिनेछ।

१२. तल्लो जलाधार क्षेत्रमा पानीको मुहानलाई बढाउन माथिल्लो क्षेत्रहरुमा पानी रिचार्ज पोखरी निर्माण कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१३. जलवायु परिवर्तन तथा विपद व्यवस्थापन कोषलाई निरन्तरता दिई थप गर्नु पर्ने आवश्यक बजेटको लागि जलवायु परिवर्तन र विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने विभिन्न निकायहरुसँग समन्वय र पहल गरिनेछ

१४. पहिरो नियन्त्रण र नदी नियन्त्रणमा संरचनागत रोकथाम भन्दा जैविक संरक्षण र रोकथाममा जोड दिइनेछ ।

१५. चरिचरन क्षेत्रको विकास तथा सामुदायिक वनहरुमा बृक्षारोपन कार्यक्रम संचालन गरिनेछ।

१६. वन जङ्गलको विनास रोक्नका लागि ग्यास चुलो, गोबर ग्यास र इन्डक्सन चुलो प्रवर्द्धनमा जोड दिइने छ ।

१७. गाउँपालिका भित्र महत्वपुर्ण रैथाने वनस्पति र वन्यजन्तुको संरक्षणको लागि वन डढेलो नियन्त्रण गर्न सामुदायिक वन उपभोक्ता समितिहरुसँगको समन्वय र सहकार्यमा अग्निनियन्त्रण रेखा निर्माणमा जोड दिइने छ।

१८. वन क्षेत्रको समग्र नियमन, अनुगमन र संचालन गर्न वन ऐन तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

१९. सडकको दायाँ बाँया सफा र हराभरा बनाउन वृक्षारोपण गरिनेछ।

२०. शिवालयमा गाउँपालिकामा ठूलो मात्रामा वन जङ्गल विनास गरी बनाईने योजना को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) को अध्ययन गर्ने नीति लिईनेछ।

२१. विगतमा सडक, भवन जस्ता पूर्वाधार निर्माणबाट भएको वन विनाश लाई वैज्ञानिक ढंगबाट वृक्षारोपण गरी हराभरा बनाईनेछ।

२२. पोखरी, गल्छी, तारजाली, नदिको वहाव नियन्त्रण गरि विकासका पूर्वाधारको संरक्षण गरिनेछ।

२३. २०७९ सालको बाडिपहीरोबाट क्षेत्ती ग्रस्त संरचना तथा भू-भागलाई एवम जिर्णदर एवम संरक्षणको लागि पहल गरिनेछ।

**(ङ) संस्थागत विकास, न्याय सम्पादन, सेवा प्रवाह र सुशासन**

१. जनप्रतिनिधि तथा करमचारीहरुको क्षमता विकासको लागि क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ।

२. गाउँपालिकाको बस्तुस्थिति विवरण अध्यावधिक, आवधिक योजना अध्यावधिक र क्षेत्रगत गुरु योजना तर्नुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

३. खरिद कार्यलाई व्यवस्थित गर्न कर्मचारीहरु खरिद व्यवस्थापन सम्बन्धी तालिम संचालन गरिनेछ ।

४. सामाजिक सुरक्षा तथा पञ्जिकरणको कार्यलाई व्यवस्थित छिटो छरितो गर्न वडाबाटै Online व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा भत्ता प्रविष्टीको व्यवस्था मिलाइने छ ।

५. बैंक मार्फत वडा वडाबाटै सामाजिक सुरक्षाको भत्ता वितरण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

६. कर्मचारीको सेवा सुरक्षा प्रत्याभूत गर्न कर्मचारी कल्याण कोषको तर्जुमा गरी कार्यान्यनमा ल्याइने छ।

७. अस्थायी करार कार्यरत कर्मचारीहरुले सेवा गरे वापत कर्मचारी संचय कोषको व्यवस्था गरिने छ र कार्यालय व्यहोर्ने १०% रकम गाउँपालिकाको आन्तरिक कोषबाट व्यवस्थापन गरिनेछ ।

८. कार्यालयको खरिद योजना र वार्षिक खरिद योजना बनाई कार्यान्वयन गरिनेछ ।

९. स्थानीय न्याय सम्पादनमा संलग्न मेलमिलाप केन्द्रका मेलमिलाप कर्ताहरुलाई न्याय निरुपन तथा मेलमिलाप सम्बन्धी तालिम संचालन गरिनेछ ।

१०. न्यायिक समितिको इजलास व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

११. गाउँपालिकाबाट निर्माण गरिने भौतिक पूर्वाधारका योजनाहरुको गुणस्तर र पारदर्शीता कायम गर्न तथा भुक्तानि प्रक्रियालाई सरलीकृत गर्न उपभोक्ता समितिलाई आयोजना व्यवस्थापन तालिम संचालन गरिनेछ ।

**(६) सूचना तथा संचार तर्फ**

१. आगामी वर्ष भित्रै नेपाल टेलिकमको फाइवर सेवा मोर्क बजार र गाउँपालिका केन्द्रमा ल्याउने व्यवस्था गरिनेछ ।

२. नेपाल टेलिकमको 4G सेवाको विस्तारको लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

३. शिवालय गाउँपालिका अन्तरगत विभिन्न कार्यालय, शाखा, स्वास्थ्य संस्था र इकाईहरुबाट प्रवाह हुने सेवाहरुलाई सूचना प्रविधिमैत्री बनाइने छ ।

४. गाउँपालिका तथा मातहतका शाखा, कार्यालय र इकाईबाट प्रदान गरिने छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गर्नको सबै शाखा, कार्यालय र इकाइमा फर्निचर र विद्युतीय उपकरणहरुको व्यवस्था गरिनेछ ।

५. गाउँपालिका तथा वडा कार्यालयहरुमा संकलन गरिने राजश्वलाई चुस्त दुरुस्त र पारदर्शीरुपमा संकलन गर्न SuTRA अन्तरगतको राजश्व व्यवस्थापन सम्बन्धी मोड्युलको प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरी आगामी आर्थिक वर्षदेखि SuTRA अन्तरगतको राजश्व व्यवस्थापन सम्बन्धी मोड्युल कार्यान्वयनमा ल्याइने छ ।

६. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै यस शिवालय गाउँपालिकालाई सूचनामैत्रि गाउँपालिका घोषणा गरिनेछ।
७. सूचना प्रविधि मैत्रि वनाउनका लागी ईमेल, ईन्टरनेट, वेवपेज, मोवाईल एप्स, मोवाईल, Digital Information Desk with Citizen Charter, समुहगत एसएमएस, Face Redding and Finger touch attending system, Facebook, आन्तरिक सूचना प्रवाहका लागि CUG सिम, आदीले संचार प्रविधि मैत्रिका लागी विभिन्न साधनहरु जस्तै कम्प्यूटर, ल्यावटेव, मोवाईल, टेलिफोन, फोटोकपि, प्रिन्टर, प्रोजेक्टर, आदी प्रयोगमा ल्याइने छ।
८. कागजी प्रयोगलाई कम गर्ने कार्यलाई प्रोत्साहन दिदै वेभसाईट, एसएमएस, कम्प्यूटर, पेनड्राइभ, प्रोटेवल हार्डडिस्क, ल्यावटेव लगायत मोवाईल एप्सको प्रयोगमा वृद्धि ल्याइने छ र फाईलको ढङ्गालाई विस्तारै कम प्रयोगमा ल्याउने कार्यलाई प्रत्सोहान गरिने छ ।
९. सबै वडा कार्यालयहरुलाई पालिकासंग जोड्न )Centralize System)को निमार्णका लागि सामान खरिद गरि सञ्चालनका लागि आवश्यक व्यवस्थापन गरिने छ । यस सिस्टम सञ्चालनमा आएपछि इन्टरनेटको प्रयोगमा समस्याहरु हटेर जाने छन् भने सूचना प्रविधि शाखाबाट वडा स्तरमा इन्टरनेटको व्यवस्थापन गर्न सकिने छ र आन्तरीक डाटा व्यवस्थापन र इन्टरनेट विना पनि वडा स्तरका सेवा प्रवाहलाई व्यवस्थित गर्न सकिने छ।
१०. कार्यालयमा (E-Attendance) औंला छापको माध्यमबाट हाजिरी गर्ने प्रविधि प्रयोगमा ल्याईने छ जसले कार्यालय आएको समय र कार्यालयबाट बाहिर गएको समय हेर्न सकिन्छ भने कर्मचारीको विदालाई समेत व्यवस्थापन गर्न सजिलो हुनेछ ।
११. सबै कर्मचारीहरुलाई क्षमता अभिबृद्धी गर्न बेला बेलामा कम्युटर तथा सूचना प्रबिधि सम्बन्धी तालिम दिईने व्यवस्था गरिनेछ।
१२. लेखा शाखा, राजश्व शाखा, दर्ता चलानी, भण्डारण शाखा, पञ्जिकरण शाखामा सफ्टवेयरबाट आफ्नो शाखाको कार्य गर्न तालिमको आवश्यकता पहिचान गरि आ-आफ्नो शाखाको जिम्मेवारी अनुसार सफ्टवेयर व्यवस्था गरिकामलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
१३. नागरिकले घरमै बसीबसी कार्यालयका सूचनाहरु पालिकाको इमेल, वेवपेज, मोवाईल एपस्, सामाजिक संजाल आदिवाट प्राप्त गर्न सक्छन्। पालिकाका गतिविधिहरु यिनै माध्यमवाट घरघरमा वसेर हेर्न र देख्न सकिनेछ।

१४ स्थानीय सरकारका गतिविधिलाई सूचना सम्प्रेषण गर्न टिभी, रेडियो, पत्रिका तथा अन्य डिजिटल मिडियाको प्रयोग गरिनेछ।
१५ विज्ञापन तथा सूचना स्थानीय स्तरका मिडियाहरुलाई प्राथमिकता दिईनेछ।
१६ नागरिकहरको सूचनाको हकलाई सूचना मैत्री पालिका बनाइने छ।

**(२) न्याय तथा सम्पादन**

१. न्याय सम्पादन प्रकृया चुस्त दुरुस्त बनाईनेछ।
२. मानव अधिकारको संरक्षण र सम्वधन लाई बढी प्रभावकारी बनाउन आवश्यक निति तथा कानूनको तर्जुमा गरिनेछ।
३. न्याय सम्पादन पद्दतीलाई Digitalization गरिनेछ।

**(३) सुशासन तथा सार्वजनिक सेवा तर्फ**

१. गाउँपालिका भित्रका नागरिक हरुको गुनासो तथा सेवा सम्बन्धि जिज्ञासाको समाधान गर्ने व्यवस्था मिलाईनेछ।
२. बाँकि वक्यौता, पेश्की, वेरुजु को लागत विवरण अध्यावधिक गरी कडाईका साथ असुलउपर तथा फछ्र्योैट गरिनेछ।

३. पालिका भित्र शान्ति सुरक्षा अमनचयन कायम गर्न सार्वजनिक स्थलमा सि.सि. टि.भी क्यामेरा थप जडान गरिनेछ साथै संवेदनशिल क्षेत्र भएको वडाहरुमा पनि जडान गरिनेछ।

४. बाढी पहिरो, फुटपाथ बजारको अस्तव्यस्त नियन्त्रण गर्न नगर प्रहरीको अवधारण सम्बन्धि सेवा प्रवाह ल्याई लागु गरिनेछ।

५. ढिलासुस्ती, कर्मचारीको लापरवाही तरिकाले हाजिरी गर्ने, स्वीकृती नलिई विदामा बस्ने, पुरै दिनको अवधिमा कार्यालयमा नबस्ने, अनुमती बिना आफुखुसी संघ संस्थाको मिटिङ्ग, प्रशिक्षणमा जाने अवस्थालाई शुन्य सहनशिलता लागु गरिने नीति ल्याईनेछ।

६. बिना कारण ढिलासुस्ती गर्ने, अनावश्यक आर्थिक दायित्व सिर्जना गर्ने निर्माण व्यवसायी, सेवाप्रदायी र उपभोक्ता समितिहरुलाई समयमै काम गर्न लगाउने र काम नगरि खरिद बिक्री ऐन अनुसार यथासिघ्र कारवाहीको नीति लिईनेछ।

७. खरिद बिक्री प्रकृयालाई चुस्त र पारदर्शी बनाई एकद्धार प्रणाली नीति लागु गरिनेछ।

८. इन्धन आपूर्ती गर्दा कम भर्ने, गाडीका पार्टपुर्जा बिगार्ने, एम्बुलेन्स सेवामा लापरवाही गर्ने कम गुणस्तरीय सामान खरीद गर्ने जस्ता कार्यलाई निरुत्साही गर्न यथास्थान मै कार्वाही गर्ने नीति लागु गरिनेछ।

९. नक्कली डोर हाजिरी भर्ने, किर्ते सहि छाप गर्ने कम गुणस्तरिय निर्माण सामाग्री प्रयोय गर्ने वा सिफारिस गर्ने लाई कडा भन्दा कडा कार्वाही गर्ने नीति ल्याईनेछ।

१०. यस गाउँपालिकाका सार्वजनिक मोटरसाईकल, गाडी तथा अन्य साधनहरुलाई श्रावण १ गते देखि आवश्यकता र विशिष्टताको आधारमा प्रयोग गरिनेछ र आफ्नो मनोमानी गरी संचालन गर्न पाईने छैन।

११. यस कार्यालय मातहतमा कार्यरत गाउपालिकाबाट करार सेवा वा अस्थायी रुपमा नियुक्ति पाएका समान स्तरका कर्मचारीको सेवा सुविधालाई समानिकरण गर्न एक समिति गठन गरी तुरुन्तै कार्यान्वयनमा ल्याईनेछ।

१२. एक योजना निर्माण गर्दा अर्को योजना लाई असर पर्ने भएकोले त्यस्ता योजनाको परियोजना प्रतिवेदनमा सो को कुरा उल्लेख गरी पुर्वयोजना को क्षेत्रको पुननिर्मणको व्याख्या समावेश गर्नुपर्नेछ।

१३. गाउँपालिका भित्रका घर जग्गाहरुको प्रती बाँझो, वन जङ्गल, धार्मिक स्थल, संरक्षित वन, सार्वजनिक यातायात, बाटो धर्मशाला, गुठी आदिको सुक्ष्म ढंङ्गले अध्ययन गरी लागत विवरण तयार गरिनेछ।

१४. शिवालय गाउँपालिकामा आगमी वर्ष २०८०।०८१ देखि यातायात सञ्चालनमा यातायात ऐन ल्याई सबै खाले बस, जिव, टयाक्टरको लागि दर्ता प्रणालाई ब्यबस्थित गर्ने नीति

१५. सार्वजनिक स्थलमा आफु खुसी निर्माण गरेका घर, भवन, टहरा वा अन्य संरचनालाई ६ महिना भित्र हटाउन सार्वजनिक सूचना जारी गरिनेछ यदि त्यसो नगरे त्यस्ता संरचनाहरु हटाईनेछ।

१६. आफ्नो सार्वजनिक जग्गा, दोशाँध भएका व्यक्तिहरुले वातावरणिय असर पर्ने गरी भवन निर्माण गर्ने वा अर्कोलाई असर पुर्याउने, दोशाँधमा ठुलो वृक्ष लगाउने , अर्काको जग्गा काटिने गरी कान्ला आली खन्ने लाई कार्वाही गर्न कडा कानून ल्याईनेछ।

१७. शिवालय रिङ्गरोडको दाँया बाँया र बजार क्षेत्र भित्र निर्माण गरिने नयाँ भवनहरु आगामी आर्थिक वर्ष २०८०/०८१ देखि भुकम्प सुरक्षित मापदण्डको भवन आचार संहिता अनुसार निर्माण गर्नुपर्नेछ। यसको कार्यान्वयन गर्न उल्लेखित

स्थानहरुमा घर निर्माण गर्दा शिवालय गाउँपालिकाबाट नक्सा पास गर्नु पर्ने नीति ल्याईनेछ। त्यसो नगरेमा घर बनाउन पाइने छैन।

१८. शिवालय गाउँपालिकाको स्वीकृती वेगर मनोमानी ढंङ्गले सडक, बजार निर्माण गर्न पाईने छैन। त्यसको लागि स्थानीय सरकारले बृहत शिवालय नगर परिकल्पना सहितको विस्तारित प्रतिवेदन तयार गरी करीब १०० वर्ष सम्मको भौतिक पूर्वाधार खानेपानी, शिक्षा, स्वास्थ्य, संस्कृती सम्बन्धि नीति तत्काल ल्याईद्देछ र सोही संहिता अनुसार ब्यबस्थापन गर्ने नीति ल्याईनेछ।

१९. शिवालय गाउँपालिकाको १०० वर्ष जलसम्पदा गुरुयोजना तयार गरिनेछ।

२०. दैनिक उपभोग्य वस्तु तथा पेय पदार्थहरुको गुणस्तर जाँच गर्न बजार अनुगमन तथा नियमनलाई प्रभावकारी बनाईनेछ।

२१. अति विपन्न र न्युन आय भएका परिवारलाई पारदर्शी रुपले पहिचान गरी शिक्षा आवास तथा अन्य सुविधाको लागि प्रोत्साहन गरिनेछ।

२२. शिवालय गाउँपालिकाको पालिका क्षेत्रमा १०,००० (दश हजार) जनालाई सुलभ पिउने पानिको व्यवस्था हुने गरी वृहत खानेपानी गुरुयोजना तयार गरिनेछ।

**४) क्षमता विकास सम्बन्धि नीती**

१. शिवालय गाउँपालिकाका नागरिकहरुको पेशा व्यवसाय दक्षताको सवलीकरण गर्न प्रयाप्त विज्ञ नभएमा सम्बन्धित सरोकारका विज्ञ ल्याई क्षमताको विकास गरिनेछ।

२. कर्मचारी तथा शिक्षकहरुको आधुनिक प्रविधि सम्बन्धि विभिन्न प्रशिक्षण तालिम गराई क्षमताको विकास गरिनेछ।

३. कर्मचारी तथा शिक्षकहरुको आधुनिक प्रविधि सम्बन्धि विभिन्न प्रशिक्षण, तालिम गराई क्षमता विकास गरीनेछ।

४. यस गाउँपालिका भित्रमा रहेका नागरिकलाई रोजगारमूलक विभिन्न सिपहरुको तालिम दिई क्षमताको विकास गराईनेछ।

**(४) रोजगार सम्बन्धि निति**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५(दोस्रो संशोधन २०७८) को दफा ४३ अनुसार स्थानिय तहको क्षेत्र भित्र रहेका बेरोजगार व्यक्ती र रोजगारदाताको तथ्याङ्क अर्धवार्षिक रुपमा संकलन गरी स्थानीय तहको बजेट तथा कार्यक्रमबाट स्थानिय रोजगारी सिर्जना गरिनेछ।

२. रोजगार संवाद मञ्चको गठन गरिनेछ।

३. बेरोजगार सुचिमा सूचिकृत भएका व्यक्तिहरु मध्ये प्राथमिकताको आधारमा विशेष सिपमुलक तालिम, अभिमुखिकरण तालिम र तालिमको मोडेलमा रहि बेरोजगार तथा रोजगार सुचिमा रहेका व्यक्तिहरुको क्षमता अभिवृद्धि गरिनेछ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५(दोस्रो संशोधन २०७८) को दफा ८६ बमोजिम लक्षित वर्गको लागि विशेष व्यवस्था गरिनेछ।

५. एकिकृत श्रम तथा रोजगार सेवा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०अनुसार स्थानिय रोजगार रणनीति तर्जुमा तथा निर्माण गरिनेछ।

६. रोजगार सेवा केन्द्रको विस्तार तथा सुदृढीकरणका लागि आवश्यक बजेट विजियोजनगरिनेछ।

श्रमिको सामूहिक दुर्घटना बिमा गरिनेछ। (मुख्यमन्त्री रोका सं का२०७८)

**प्रमुख अतिथिज्यू**
**विशेष अतिथिज्यू**
**सभाका उपाध्यक्षज्यू**
**तथा सभा सदस्यज्यूहरु**

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा आवश्यक रचनात्मक सल्लाह सुझाव दिनु हुने सभाका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, शिवालय गाउँपालिकामा क्रियाशील राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सरकारी तथा गैर सरकारी निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरु, विकास साझेदार निकायका प्रतिनिधिज्यूहरु, नागरिक समाजका प्रबुद्ध व्यक्तित्वज्यूहरु, संचारकर्मी मित्रहरु, विभिन्न पेशागत संघ संगठनका प्रमुख तथा प्रतिनिधिज्यूहरु, यस कार्यमा खटिने निमित्त प्रमुख प्रशासकीय अधिकृत लगायत सम्बद्ध कर्मचारीहरु र शिवालयबासी आम नागरिकहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सरकारी तथा गैर सरकारी निकाय, निजी क्षेत्र, विकास साझेदार निकाय र आम शिवालयबासी नागरिकहरुको समान र सक्रिय सहभागिता तथा सहयोग हुने अपेक्षा लिएको छु ।

धन्यवाद
इति संवत २०८० साल आषाढ १० गते रोज १ शुभम्

शेर बहादुर शाही
अध्यक्ष
शिवालय गाउँपालिका सिमा जाजरकोट